जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ६० २०८३ साल असोज १३ गते मंगलबार (29 Sep 2026 Tuesday) मूल्य रु. ५/-

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : लालपुर्जा हातमा,... ३ पृष्ठमा : मधेस प्रदेशको पहिलो सार्वजनिक ... ३ पृष्ठमाऽनिर्वाचन आयोगमाथि विपक्षी...

# नगरप्रमुखकै नेतृत्वमा नगरपालिका र वडा कार्यालयमा तालाबन्दी

**दैनिक समाचारदाता**
**महोत्तरी, १२ असोज ।**

महोत्तरीको भंगहा नगरपालिकाका नगर प्रमुखको नेतृत्वमा नगरपालिका कार्यालय र नगरभित्र रहेका सबै वडा कार्यालयमा सोमबार तालाबन्दी गरिएको छ ।

लामो समय बितिसक्दा पनि प्रमुख प्रशासकीय अधिकृत नपठाएको भन्दै नगरपालिका प्रमुख संजीवकुमार साहको अगुवाइमा सबै कार्यालयमा तालाबन्दी गरिएको हो ।

नगरपालिका प्रमुख साहका अनुसार लामो समयदेखि कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत नहुँदा सेवाग्राहीसँगै कर्मचारीलाई समेत काम गर्न अप्ठेरो परेकाले तालाबन्दी गर्नुपरेको हो ।

कार्यालयमा तीन दिनभित्र प्रमुख प्रशासकीय अधिकृत पठाउन अल्टिमेटम दिएपनि त्यसो हुन नसकेकोले बाध्य भई तालाबन्दी गर्नुपरेको नगरप्रमुख साहको भनाई छ । उनले भने, 'अबको तीन दिनभित्र प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा हाजिर भएन भने नगरभित्रका स्वास्थ्य र शिक्षाका सम्पूर्ण संस्थाहरू पनि बन्द गर्नेछौं ।'



प्रमुख प्रशासकीय अधिकृत नहुँदा कार्यालयको प्रशासनिक तथा वित्तीय कार्यसँगै नगरको विकास निर्माणको काममा समेत अवरोध हुन पुगेको उनले बताए ।

तीन महिनादेखि तलबभत्ता खान नपाइरहेको अवस्थामा नजिकिँदै गरेको महान् चाड दसैं, तिहारमा समेत तलबभत्ता नपाउने अवस्था सिर्जना हुँदै गएपछि बाध्य भएर यो कदम चाल्नुपरेको उनको भनाइ छ ।

तालाबन्दी गरिएका कार्यालयका चाबी भने सबै प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलाई बुझाइएको छ ।

# सालको काठ ओसारपसार गरिरहेको आरोपमा एक पक्राउ

**दैनिक समाचारदाता**
**रौतहट, १२ असोज ।**

रौतहटको चन्द्रपुर नगरपालिका ७ स्थित रङ्गपुर साझेदारी वन क्षेत्रबाट अवैध रूपमा सालको काठ ओसारपसार गरिरहेको आरोपमा एक जना पक्राउ परेका छन् ।

आइतबार राति करिब ९ बजे चन्द्रपुर सब-डिभिजन वन कार्यालय र रङ्गपुर साझेदारी वनबाट खटिएको संयुक्त वन गस्ती टोलीले नयाँबस्ती कटानीदेखि उत्तरतर्फको वन क्षेत्रमा अनुगमन गर्ने क्रममा काठ ओसारपसार गरिरहेको अवस्थामा ती व्यक्तिलाई नियन्त्रणमा लिएको हो ।

वन गस्ती टोलीले घटनास्थलबाट २४.७० क्युबिक फिट परिमाणको ५ थान सालको गोलिया काठ, तीन वटा साइकल र एउटा आरा बरामद गरेको छ। पक्राउ पर्ने व्यक्ति चन्द्रपुर नगरपालिका-७ नयाँबस्ती कटानीका स्थानीय बासिन्दा रहेको वन कार्यालयले जनाएको छ ।

अनुसन्धानको प्रक्रियामा रहेकाले उनको नाम भने खुलाइएको छैन । नियन्त्रणमा लिइएका व्यक्ति, जफत गरिएको काठ तथा अन्य सामग्रीलाई थप अनुसन्धान र आवश्यक कानुनी कारबाहीका लागि डिभिजन वन कार्यालय रौतहटमा बुझाइएको छ ।

# वर्षाका कारण २१ जनाको मृत्यु, पाँच घाइते, पाँच बेपत्ता

काठमाडौँ, १२ असोज (रासस) ।

भारी वर्षा, बाढीपहिरो र अविरल वर्षाजन्य घटनामा परी २१ जनाको मृत्यु भएको छ । यस्तै, पाँच जना घाइते भएका छन् भने पाँच जना अझै बेपत्ता छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बाढीका ५३ घटनामा चार जनाको मृत्यु भएको छ । पहिरोका २५६ घटनामा १४ जनाको मृत्यु, चार जना घाइते र पाँच जना बेपत्ता भएका छन् । त्यसैगरी, अविरल वर्षाका ११७ घटनामा तीन जनाको मृत्यु र एक जना घाइते भएका छन् ।

प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार बङ्गालको खाडीमा उत्पन्न न्यूनचापीय प्रणालीका कारण असोज ८ देखि ११ गतेसम्म देशका विभिन्न भागमा भारीदेखि अतिभारी वर्षा भएको थियो । प्राधिकरणको पछिल्लो विवरणअनुसार वर्षाजन्य विपद्मा २१ जनाको मृत्यु, पाँच जना बेपत्ता र पाँच जना घाइते भएका हुन् ।

बाढी र पहिरोका कारण देशभर १४३ घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने ५१ घरमा आंशिक क्षति पुगेको छ । विपद्का कारण ७४७ परिवार प्रत्यक्ष प्रभावित भएका प्राधिकरणले जनाएको छ । जोखिममा परेका विभिन्न जिल्लाबाट करिब दुई हजार जनालाई सुरक्षित स्थानमा सारिएको छ ।

निरन्तर वर्षाका कारण देशभरका १८६ वटा वर्षामापन केन्द्रमा १०० मिलीमिटरभन्दा बढी वर्षा मापन भएको छ । सबैभन्दा धेरै नवलपरासी (बर्दघाट सुस्तापूर्व)को डेढगाउँमा ५४४ दशमलव दुई मिलीमिटर वर्षा भएको छ । कास्कीको पञ्चासेमा ५०० दशमलव दुई र तनहुँको अत्रौलीटारमा ४७२ मिलीमिटर वर्षा मापन गरिएको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका प्रवक्ता महतका अनुसार वर्षाका समयमा करिब नौ हजार पर्यटक तथा पदयात्री विभिन्न स्थानमा यात्रारत रहेका थिए । जाजरकोट, म्याग्दी, बागलुङलगायत जिल्लामा बाढी तथा पहिरोमा फसेका व्यक्तिलाई हेलिकोप्टरमार्फत उद्धार गरिएको छ । उद्धार गरिएका व्यक्तिका लागि सम्बन्धित जिल्ला प्रशासनको समन्वयमा स्थानीय तहमार्फत आवश्यक बन्दोबस्ती तथा राहतको व्यवस्था गरिएको छ ।

भारी वर्षाको पूर्वानुमानसँगै प्राधिकरणले पूर्वतयारी तथा प्रतिकार्यका लागि सम्बन्धित निकायलाई तयारी अवस्थामा रहन आग्रह गर्दै नियमित सूचना तथा एड्भाइजरी जारी गरेको थियो । सम्भावित बाढी प्रभावित क्षेत्रका बासिन्दालाई सचेत गराउन बाढी पूर्वानुमान महाशाखाबाट आठ लाख १४ हजार एसएमएस पठाइएको थियो ।

पर्वतारोहण तथा पदयात्रामा रहेका पर्यटकलाई लक्षित गरी अङ्ग्रेजी भाषामा समेत सतर्कता सूचना जारी गर्दै जोखिमयुक्त क्षेत्रमा रहेकालाई सुरक्षित स्थानमा जान र सुरक्षित स्थानमा रहेकालाई त्यहीँ रहन आग्रह गरिएको थियो ।

केन्द्रीय मनसुन प्रतिकार्य कमाण्ड पोष्टको बैठक दैनिक बसेर परिस्थितिको समीक्षा गरिएको थियो । जोखिम देखिएका जिल्लामा आवश्यकताअनुसार सवारी आवागमनमा रोक लगाउन निर्देशन दिइएको तथा सम्भावित प्रभावित जिल्लामा स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिमार्फत विद्यालय बिदा दिइएको प्राधिकरणले जनाएको छ ।

# गेटलगायतका संरचना खोलिएको विषयमा सत्यतथ्य सार्वजनिक गर्न माग

**दैनिक समाचारदाता**
**राजविराज, १२ असोज ।**

राजविराज नगरपालिका ९ मलेठस्थित वडा कार्यालयको मूल गेटमा जडान गरिएका ग्रिल, गेटलगायतका संरचना खोलिएको विषयमा सत्यतथ्य सार्वजनिक गर्न माग गरिएको छ ।

सप्तरी युथ नेपालले राजविराज नगरपालिकाका कार्यवाहक मेयर र वडा नं. ९ का वडा अध्यक्षसमक्ष वास्तविक कारण तथा निर्णय प्रक्रिया सार्वजनिक गर्न माग गरेको हो ।

संस्थाले सार्वजनिक गरेको अनुरोधपत्रमा वडा कार्यालयमा जडान गरिएका ग्रिल, गेटलगायतका संरचना किन र के कारणले खोलिएको हो भन्नेबारे सत्यतथ्य स्पष्ट पार्न आग्रह गरिएको छ ।

सार्वजनिक सम्पत्तिसँग सम्बन्धित विषय भएकाले त्यसको निर्णय प्रक्रिया, संरचना खोल्नुको कारण तथा आवश्यक विवरण नागरिकसमक्ष सार्वजनिक गर्नुपर्ने संस्थाको भनाइ छ ।

सप्तरी युथ नेपालले पारदर्शिता र जवाफदेहिताका लागि सम्बन्धित निकायले यस विषयमा आवश्यक जानकारी सार्वजनिक गरी नागरिकलाई स्पष्ट पार्न अनुरोध गरेको छ ।

यता राजबिराज वडा ९ का अध्यक्ष जवाहिर यादबका अनुसार वडा कार्यालयको गेट र ग्रिल रूपनी सडक खण्ड अन्तर्गत सडक मा परेकोले ग्रिल र गेट हटाईएको जानकारी दिए ।

# त्रिविद्वारा अध्ययन बिदापछि काममा नफर्कने कर्मचारीबाट १६ करोड असुल

काठमाडौँ, १२ असोज (रासस) ।

त्रिभुवन विश्वविद्यालयले अध्ययन बिदा लिएपछि विश्वविद्यालयको नियमानुसार सेवामा नफर्किएका शिक्षक तथा कर्मचारीबाट करिब रु १६ करोड ५० लाख असुलउपर गरेको छ । त्रिवि रजिष्ट्रारको कार्यालयअन्तर्गत कर्मचारी प्रशासन महाशाखाका अनुसार हालसम्म ७५ वटा अवस्थाबाट

*बाँकी अन्तिम पृष्ठमा*

सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं/ नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।

सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### भ्रष्टाचाररहित समाज निर्माणमा जुटौं

भ्रष्टाचार अहिले सबै क्षेत्रमा फस्टाउँदै गएको छ। यसलाई निरुत्साहित पार्न सबै एकजुट हुनु जरुरी छ। कुनै पनि कार्य गर्दा व्यक्तिगत लाभ नलिई कार्य गराउन नसकिने भावनालाई निरुत्साहित पार्न हामी सबै एकजुट हुनु आवश्यक छ। अहिले भ्रष्टाचारले व्यक्ति, समाज र राष्ट्रलाई प्रभाव पारिरहेको छ।

आफूलाई फाइदा पुर्‍याउने नियतले वा आफूले घुस, नलिएको व्यक्तिलाई हानि पुर्‍याउने कालो नियतले प्रेरित भई एउटै नीतको विनियमको कानुनको अलगअलग अर्थ लगाई खासलाई फाइदा पुर्‍याउने र अन्यलाई बेफाइदा पुर्‍याउने गरी अर्थ लगाउनु वा निर्णय गर्नुलाई नीतिगत भ्रष्टाचार भनिन्छ। भ्रष्टाचारले दीर्घकालिन रुपमा केही कम प्रभाव पर्छ भने नीतिगत भ्रष्टाचारले तत्काल खासै प्रभाव नपारे पनि भविष्यमा खतरनाक र दीर्घकालीन असर पार्छ।

तसर्थ यस्ता सबै प्रकारका भ्रष्टाचारलाई रोक्न वा निरुत्साहित पार्न जनता नै जागरुक हुनु जरुरी छ भने तीनै तहका सरकार पनि उत्तिकै संवेदनशिल हुनु आवश्यक छ।


## बाढी/पहिरोबाट सतर्क रहौं।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

जनहीतका लागि : राजविराज दैनिक


# लालपुर्जा हातमा, जमिन बलानमा

राजु विश्वकर्मा
जनकपुरधाम, १२ असोज (रासस)।



सप्तरीको बलानबिहुल गाउँपालिका-४ का रामविलास यादवको हातमा एक बिघा जमिनको लालपुर्जा छ। कागजमा उहाँ अहिले पनि एक बिघा जमिनको धनी हुनुहुन्छ तर त्यो जमिन कहाँ छ भनेर देखाउन उहाँसँग अब कुनै ठाउँ नै छैन। वर्षौंदेखि अन्न उब्जाउँदै आएको खेत अहिले बलान नदीको भेलमा हराएको छ।

यादवका लागि लालपुर्जा अहिले सम्पत्तिको प्रमाणभन्दा बढी विगतको सम्झना बनेको छ। गत भदौ महिनामा स्थानीय बलान नदीमा आएको बाढीले उहाँको नदी किनारमा रहेको खेतीयोग्य जमिन कटान गरेपछि परिवारको जीविकोपार्जनको आधार नै खोसिएको बताउनुहुन्छ। "बाढी आएपछि हेर्न पुग्दा तीन-चार कट्ठा जमिन बाढीले लगिसकेको थियो, हेर्दाहेर्दै थप जमिन पनि बगायो",उहाँ भन्नुहुन्छ,"जमिन जोगाउने कुनै प्रयास गर्न सकिएन, सबै जमिन बाढीले स्वाहा बनायो।"

उहाँको परिवारले पुस्तौंदेखि त्यही जमिनमा अन्न उब्जाउँदै आएको थियो। धान, गहुँ र अन्य बालीले घरको चुलो बल्थ्यो। खेतमा बाली हुर्कदा परिवारको भविष्य सुरक्षित भएको महसुस हुन्थ्यो। तर, बलान नदीले खेतको डिल काट्दै जाँदा अहिले त्यही भविष्य पनि अनिश्चित बनेको छ। "अब कसरी परिवारको गुजारा चलाउने भन्ने चिन्ताले पिरोल्न थालेको छ," यादवले भन्नुहुन्छ,"परिवारको गुजारा चलाउने एउटा मात्र आधार थियो, खेतीपाती गर्ने, त्यो पनि बगरमा परिणत भएपछि सुकुम्बासी बन्ने चिन्ता बढ्केको छ।" एकातिर नदीको बहाव बढ्दै गएको छ भने अर्कोतिर किसानको खेत घट्दै गएको छ।

"बलान नदीले हामीलाई सुकुम्बासी बनाइदियो," स्थानीय मो. नाजिर भन्नुहुन्छ," हाम्रो लागि खेत केवल जमिन होइन, त्यो परिवारको रोजगारी, खाद्यान्नको स्रोत, सामाजिक प्रतिष्ठा र भविष्यको आधार हो।" जब खेत नदीमा मिसिन्छ, त्यससँगै किसानको आम्दानी, आत्मनिर्भरता र सामाजिक हैसियतसमेत प्रभावित हुन्छ। स्थानीय मो. हन्सु मियाँको परिवार कुनै समय गाउँकै सम्पन्न परिवारका रूपमा चिनिन्थ्यो। परिवारसँग करिब ८० बिघाको एउटै प्लट जमिन थियो। त्यही जमिनमा खेती हुन्थ्यो। उत्पादनले परिवारको जीवन सहज रूपमा चल्थ्यो। आज त्यही ८० बिघा जमिनको ठूलो हिस्सा बलान नदीमा परिणत भएको मो. हन्सु मियाँ बताउनुहुन्छ।

बलान बिहुल गाउँपालिका-४ का पूर्व वडाध्यक्ष समेत रहनुभएका हन्सु मियाँका अनुसार नदी कटानका कारण परिवारको पुस्तौंदेखिको सम्पत्ति क्रमशः हराउँदै गएको हो। "हाम्रो सबै जग्गा नै बाढीले कटान गरी नदीमा परिणत गरिसकेको छ, अहिले हामी सुकुम्बासी बन्ने अवस्थामा पुगेका छौँ," उहाँ भन्नुहुन्छ, "असी बिघा जमिनको मालिक परिवार अहिले आफ्नो जमिन जोगाउन नसक्ने अवस्थामा पुगेका छौं, जमिनको लालपुर्जा र वास्तविक भूगोलबीचको सम्बन्ध कमजोर हुँदै गएको छ।"

रामविलास, नाजिर र हन्सुको कथा केवल परिवारको मात्र होइन। बलान नदी किनारमा बस्ने किसानका लागि यो साझा पीडा बन्दै गएको छ। सो ठाउँका धेरै किसानको कथा उस्तै छ। कुनै समय हरियालीले ढाकिएका खेत अहिले बलान नदीको धारमा परिणत भएका छन्।

स्थानीय गौरी यादवका अनुसार करिब एक दशकअघिसम्म पश्चिमबाट बग्ने बलान नदी पछिल्ला वर्षहरूमा विस्तारै धार परिवर्तन गर्दै पूर्वतर्फ मोडिएको हो। सुरुमा नदीले केही कट्ठा जमिन काट्यो। त्यसपछि कटानको दायरा बढ्दै गयो। वर्षायाममा आएको ठूलो बाढीले कटानलाई झन् तीव्र बनाउँदै गएको यादवको भनाइ छ। "केही वर्षअघिसम्म यस क्षेत्रमा धान र गहुँका बाला झुल्थे, किसान बिहान खेत पुग्थे, बाली हेर्थे, सिँचाइ गर्थे। मौसमअनुसार खेती गर्थे र उत्पादनबाट परिवारको गुजारा चलाउँथे", यादव भन्नुहुन्छ,"अहिले त्यही ठाउँमा नदी बग्छ, खेती गर्ने जमिन बगरमा परिणत भइसकेको छ।"

स्बलान नदीले धार परिवर्तन गरेपछि खेतीयोग्य जमिनमा कटानसँगै नदीको धार गाउँतर्फ सर्दै जाँदा बस्तीसमेत जोखिममा परेको छ। स्थानीय रामशङ्कर भण्डारीका अनुसार गत बर्ष आएको बाढीपछि नदीले ठूलो क्षेत्र कटान गरेको थियो। सडकको पश्चिम भागमा रहेको बस्तीलाई सडकको पूर्वतर्फ सारिएको थियो तर नदीको धार फेरि गाउँतर्फै मोडिएपछि विस्थापनको जोखिम कायम छ।

धार परिवर्तन गर्नुअघि यहाँ घना बस्ती थियो, धार परिवर्तन भएपछि बस्तीलाई करिब सय मिटर पर सारिएको थियो तर पनि अहिले स्थानीयहरु पूर्णरूपमा सुरक्षित महसुस गर्न सकिएको छैनन्। "यसले एउटा गम्भीर प्रश्न उठाएको छ, बाढीबाट बच्न मानिसले बस्ती सार्ने कि नदी नियन्त्रण गरेर नदीलाई आफ्नो प्राकृतिक धारमा फर्काउने ?", भण्डारी भन्नुहुन्छ,"नदी किनारका किसानका लागि बाढी हरेक वर्ष दोहोरिने त्रास हो, पहिले बाढी आउँदा किसानको पहिलो चिन्ता बाली जोगाउने हुन्थ्यो। अहिले बाढी आउँदा घर, परिवार र बालबालिका जोगाउने चिन्ता सुरु हुन्छ।"

पूर्व वडाअध्यक्ष मो. हन्सुका अनुसार नदीको कटान रोक्ने स्थायी उपाय नहुँदा किसान निरीह बनेका छन्। "अहिले पनि डुबान र कटानबाट खेत जोगाउन हामीसँग कुनै उपाय छैन। प्रशासनदेखि नेतासम्मलाई गुहार्दा पनि रोकथाम र नियन्त्रणको काम हुन नसक्दा वर्षैपिच्छे यहाँको खेत नदीले निल्दैछ," उहाँले भन्नुभयो। उहाँका अनुसार पछिल्लो बाढीले मात्रै करिब तीन सय बिघा खेतीयोग्य जमिन कटान गरेको अनुमान छ। यो तथ्याङ्क आधिकारिक रूपमा पुष्टि हुन बाँकी भए पनि नदी कटानको भयावहता बुझ्न पर्याप्त रहेको स्थानीयहरु बताउनुहुन्छ।

बलान नदीको कटान रोक्न जलस्रोत तथा सिँचाइ कार्यालय सप्तरीले उपभोक्ता समिति मार्फत गत आर्थिक वर्ष २०८०/८१ मा तटबन्ध निर्माण गरेको थियो। तटबन्ध बनेपछि स्थानीयले केही राहत महसुस गरेका थिए तर दुई वर्षअघि आएको बाढीले तटबन्ध भत्काइदिएपछि समस्या ज्यूँका त्यूँ छन्। त्यसपछि पुनः तटबन्ध निर्माण हुन सकेको छैन। तटबन्ध भत्किएपछि नदीले कमजोर किनार खोज्दै कटान गर्न थालेको स्थानीय मो. गुलाबको भनाइ छ।

स्थायी र वैज्ञानिक नदी नियन्त्रणको अभावमा हरेक वर्ष ठूलो धनराशि खर्च गरेर अस्थायी संरचना बनाउने र बाढी आएपछि पुनः भत्किने अवस्था दोहोरिँदै आएको स्थानीयको कथन छ। पूर्व वडाध्यक्ष मो. हन्सुका अनुसार स्थानीयको माग अब अस्थायी समाधान होइन। दीर्घकालीन नदी व्यवस्थापन, बलियो तटबन्ध, कटान नियन्त्रण र जोखिम क्षेत्रको वैज्ञानिक अध्ययन चाहन्छन्।

बलान नदीको समस्या केवल नदी किनारमा सीमित छैन। यसको सम्बन्ध माथिल्लो भूभाग अर्थात् चुरे क्षेत्रसँग पनि जोडिएको स्थानीयको बुझाइ छ। नदी नियन्त्रणको क्षेत्रमा लामो अनुभव भएका अवकाश प्राप्त इञ्जिनियर विश्वनाथ यादवका अनुसार चुरे क्षेत्रमा हुने अनियन्त्रित ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा विभिन्न स्थानमा सञ्चालित क्रसर उद्योगका कारण नदीको प्राकृतिक प्रणाली प्रभावित भएको छ।

चुरे क्षेत्र कमजोर हुँदा वर्षाको पानी तीव्र गतिमा तल्लो क्षेत्रमा आउने, नदीमा एकैपटक ठूलो बहाव बढ्ने र त्यसले कटानको जोखिम बढाउने उहाँका अनुभव छ। चुरे संरक्षण र नदी नियन्त्रणलाई अलग-अलग विषयका रूपमा हेर्नुभन्दा एकीकृत रूपमा सम्बोधन गर्नुपर्ने उहाँको भनाइ छ। "बलान नदीलाई पूर्णरूपमा रोक्न सम्भव नहुन सक्छ। तर नदीको धार व्यवस्थापन गर्न सकिन्छ", ई. यादव भन्नुहुन्छ,"जोखिम क्षेत्र पहिचान गर्न सकिन्छ, वैज्ञानिक तटबन्ध निर्माण गर्न सकिन्छ।" चुरे संरक्षणको संरक्षण, नदीमा हुने अनियन्त्रित दोहन नियन्त्रण र बाढीको पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन सकिए क्षति न्यूनिकरण गर्न सकिने उहाँको सुझाब छ।

खेतीयोग्य जमिन हराउँदै जाँदा यसको असर उत्पादनमा मात्र परेको छैन। किसानको पहिचानमै समेत असर पर्न थालेको छ। जमिन भएका किसान विस्तारै भूमिहीन बन्दैछन्। भूमिहीन भएपछि रोजगारीका लागि अन्यत्र जानुपर्ने बाध्यता बढ्छ। त्यसले परिवारको सामाजिक संरचना र स्थानीय अर्थतन्त्रमा समेत असर पार्न सक्ने स्थानीयको चिन्ता छ। यही कारण बलान नदी किनारका किसानका लागि नदी नियन्त्रण केवल विकास निर्माणको विषय होइन। यो उहाँहरूको अस्तित्व, जीविकोपार्जन र भविष्यसँग जोडिएको विषय हो।

"बलान नदी अहिले पनि बगिरहेको छ", बलान बिहुलका स्थानीय रामनारायण पण्डित भन्नुहुन्छ,"नदीमा पानी मात्र बगिरहेको छैन्, पानीसँगै किसानको खेत, सपना र पुस्तौंदेखिको सम्पत्तिको कथा पनि बगिरहेको छ।" समयमै नदी व्यवस्थापन र जोखिम न्यूनीकरणका ठोस कार्यक्रम अघि नबढाए आज खेत बगिरहेको ठाउँमा भोलि बस्ती बग्ने अवस्था नआउला भन्न सकिँदैन, त्यसैले समयमै यसतर्फ सरकारको ध्यान पुग्नुपर्छ, उहाँ भन्नुहुन्छ।

# मधेस प्रदेशको पहिलो सार्वजनिक वित्त व्यवस्थापन मूल्याङ्कन प्रतिवेदन सार्वजनिक

जनकपुरधाम, १३ असोज (रासस)।

मधेस प्रदेश सरकारले सार्वजनिक वित्त व्यवस्थापन (पीएफएम) प्रणालीको पहिलो मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गरेको छ।

प्रदेश सरकार, एसियाली विकास बैंक (एडीबी) र नेपाल आर्थिक पत्रकार समाज (सेजन) को संयुक्त आयोजनामा सोमबार यहाँ आयोजित कार्यक्रममा मुख्यमन्त्री कृष्णप्रसाद यादव, प्रदेशका अर्थमन्त्री युवराज भट्टराई, एडीबी नेपाल आवासीय नियोगका देशीय निर्देशक अर्नो काउश्वा र सेजनका अध्यक्ष भागवत भट्टराईले प्रतिवेदन सार्वजनिक गर्नुभयो।

प्रतिवेदन सार्वजनिक गर्दै मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मूल्याङ्कन प्रतिवेदनले प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनको वर्तमान अवस्थाको वस्तुनिष्ठ र प्रमाणमा आधारित स्पष्ट चित्र प्रस्तुत गरेको बताउनुभयो।

"प्रतिवेदनले आगामी दिनमा वित्तीय व्यवस्थापनमा सुधार गर्नुपर्ने केही संवेदनशील क्षेत्रको पनि स्पष्ट रूपमा पहिचान गरेको छ। बजेटको विश्वसनीयतामा सुधार गर्ने, सार्वजनिक लगानी व्यवस्थापन सुदृढ गर्ने, बजेट निर्माण तथा सेवा प्रवाहको डिजाइन प्रक्रियामा नागरिक सहभागिता बढाउने र राजस्व तथा खर्च व्यवस्थापनको प्रभावकारिता अभिवृद्धि गर्ने विषय प्रमुख सुधारका क्षेत्र हुन्", उहाँले भन्नुभयो।

मुख्यमन्त्री यादवले मूल्याङ्कनले सुधार गर्नुपर्ने क्षेत्र पहिचान र कार्यान्वयन गर्न स्पष्ट मार्गचित्रसमेत उपलब्ध गराएको बताउनुभयो। उहाँका अनुसार प्रतिवेदनले संस्थागत सुदृढीकरण, प्रक्रियागत सुधार, क्षमता अभिवृद्धि तथा सरकारी निकायबीच समन्वय सुधारका लागि आधार प्रदान गरेको छ।

मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले सार्जजनिक वित्त व्यवस्थापन मूल्याङ्कनले प्रदेशको कार्यसम्पादनको वस्तुनिष्ठ तथा तथ्यमा आधारित चित्र प्रस्तुत गरेको बताउनुभयो। "मूल्याङ्कनले हालसम्म हासिल गरेका महत्त्वपूर्ण उपलब्धिहरूलाई पहिचानका साथै आगामी दिनमा थप सुधार गर्नुपर्ने क्षेत्रलाई पनि स्पष्ट रूपमा देखाएको छ। यसले बजेट कार्यान्वयन, सार्वजनिक खरिद प्रक्रिया, आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय प्रतिवेदन तथा अनुगमन र निगरानी संयन्त्रलाई थप सुदृढ गर्ने महत्त्वपूर्ण अवसरसमेत देखाएको छ", उहाँले भन्नुभयो।

मधेस प्रदेश अर्थ मन्त्रालयका सचिव सेवन्तक पोखरेलले प्रतिवेदनले वित्तीय व्यवस्थापनमा सुधार गर्नुपर्ने महत्त्वपूर्ण क्षेत्रहरू स्पष्ट रूपमा पहिचान गरेको बताउनुभयो। उहाँले बजेटको विश्वसनीयता सुधार, सार्वजनिक लगानी व्यवस्थापन सुदृढीकरण, बजेट निर्माण तथा सेवा प्रवाहको डिजाइन प्रक्रियामा नागरिक सहभागिता वृद्धि र राजस्व तथा खर्च व्यवस्थापनको प्रभावकारिता अभिवृद्धिलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो।

एडीबी मनिलास्थित सार्वजनिक क्षेत्र तथा सुशासन क्षेत्र विभागकी निर्देशक छिडेम अकिनले पेफा मूल्याङ्कनले बजेटको विश्वसनीयता सुधार गर्न, पारदर्शिता तथा जवाफदेहिता बढाउन, वित्तीय अनुशासन सुदृढ गर्न र नागरिकको हितमा सार्वजनिक स्रोतको अझ प्रभावकारी उपयोग गर्न सहयोग पुर्‍याउने बताउनुभयो।

एडीबी नेपाल आवासीय नियोगका कन्ट्री डाइरेक्टर अर्नो काउश्वाले मूल्याङ्कन सम्पन्न हुनु सुधारको नयाँ चरणको सुरुआत भएको बताउनुभयो। "निदानात्मक अध्ययनको काम पूरा भएको छ। अबको काम यसका निष्कर्षलाई संस्थागत क्षमता सुदृढ गर्ने र नागरिकका लागि परिणाम सुधार गर्ने ठोस कार्यमा रूपान्तरण गर्नु हो। त्यसैले आजको दिन सुधारको नयाँ चरणको सुरुआत हो, जहाँ पेफाका निष्कर्ष र अङ्कलाई स्पष्ट प्रतिबद्धता, प्राथमिकताका आधारमा तय गरिएका कार्य तथा मापनयोग्य सुधारमा रूपान्तरण गर्नुपर्छ", उहाँले भन्नुभयो।

काउश्वाले करदाताको रकम प्रभावकारी रूपमा उपयोग गरी गुणस्तरीय सार्वजनिक सेवा प्रवाह, आर्थिक अवसर सिर्जना तथा नागरिकको जीवनस्तर सुधार गर्न बलियो सार्वजनिक वित्त व्यवस्थापन आवश्यक रहेको बताउनुभयो। उहाँले सार्वजनिक वित्त व्यवस्थापन, वित्तीय सुशासन तथा सेवा प्रवाह सुदृढीकरणका लागि नेपाल सरकार र मधेस प्रदेश सरकारलाई एडीबीको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा पेफा परामर्शदाता प्रकाशजङ्ग थापाले मूल्याङ्कनका प्रमुख निष्कर्ष प्रस्तुत गर्नुभएको थियो। अन्तरराष्ट्रिय रूपमा मान्यताप्राप्त मापदण्डका आधारमा प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीको मूल्याङ्कन गरिएको प्रतिवेदनले आर्थिक वर्ष २०७८/७९ देखि २०८०/८१ सम्मको अवधिलाई समेटेको छ।

मूल्याङ्कनका क्रममा प्रदेशसभामा पेश गरिएको पछिल्लो बजेट आर्थिक वर्ष २०८१/८२ को रहेको थियो। मूल्याङ्कनमा ३२ वटा कार्यसम्पादन सूचक तथा ९८ वटा आयामको अध्ययन गरिएको थियो। सूचक तहमा मधेस प्रदेशले समग्रमा 'डी प्लस' अङ्क प्राप्त गरेको छ। आयाम तहमा भने 'डी' सबैभन्दा बढी दोहोरिएको अङ्क रहेको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनले मधेस प्रदेशको बजेट तथा लेखा वर्गीकरण प्रणाली अन्तरराष्ट्रिय मापदण्डअनुकूल रहेको जनाएको छ। त्यस्तै, वार्षिक बजेट दस्तावेजमा पर्याप्त सूचना समावेश गरिएको, बजेट क्यालेन्डरको व्यवस्था रहेको, बजेट समयमै स्वीकृत हुने गरेको तथा चालु आर्थिक वर्षमा बजेट समायोजनका लागि स्पष्ट नियम रहेको विषयलाई प्रदेशको सबल पक्षका रूपमा औँल्याइएको छ।

त्यस्तै करदातासम्बन्धी सूचना सहज रूपमा उपलब्ध हुनु, खर्च बक्यौता न्यून हुनु, त्रैमासिक बजेट कार्यान्वयन प्रतिवेदन तयार हुनु तथा अन्तरराष्ट्रिय मापदण्डअनुसार वार्षिक एकीकृत वित्तीय विवरण तयार हुने गरेकोलाई पनि सकारात्मक पक्षका रूपमा प्रतिवेदनले उल्लेख गरेको छ।

प्रतिवेदनले प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनमा

***बाँकी अन्तिम पृष्ठमा***


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

जनहीतका लागि

**कंचनरुप नगरपालिका, सप्तरी**


## विश्व समाचार

### निर्वाचन आयोगमाथि विपक्षीको दबाब

नयाँदिल्ली, १२ असोज (रासस/एएफपी)।

भारतमा मतदाता सूचीको विशेष गहन संशोधन (एसआइआर) प्रक्रियामा अनियमितताको आरोप लागेपछि निर्वाचन आयोगमाथि छानविनको दबाब बढेको छ। विपक्षी दलहरूले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा र सर्वोच्च अदालतको नेतृत्वमा अनुसन्धानको माग गरेका छन्। 'द इन्डियन एक्सप्रेस' को गत हप्ताको अनुसन्धानात्मक समाचारअनुसार एसआइआरसँग सम्बन्धित केही महत्त्वपूर्ण निर्णय तीनमध्ये दुई निर्वाचन आयुक्तको स्वीकृतिबिना लिइएको हुन सक्ने देखिएको छ। निर्वाचन आयोगले भने आफ्ना सबै निर्णय सर्वसम्मत र कानूनी रूपमा मान्य रहेको भन्दै आरोप अस्वीकार गरेको छ। विपक्षी दलहरूले एसआइआरका क्रममा लाखौँ मतदाताको नाम सूचीबाट हटाइएको र त्यसबाट प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारूढ भारतीय जनता पार्टीलाई लाभ पुग्न सक्ने भन्दै लामो समयदेखि प्रश्न उठाउँदै आएका छन्।

उक्त दैनिकका अनुसार पछिल्लो १० महिनामा दुई निर्वाचन आयुक्तले एसआइआरका महत्त्वपूर्ण निर्णयबारे कम्तीमा १४ पटक औपचारिक असहमति जनाएका छन् र एक करोड ३० लाख मतदाता छुटेको बताइएको छ। निर्वाचन आयोगले एसआइआरको उद्देश्य धोखाधडीपूर्वक दर्ता भएका मतदाताको पहिचान गर्नु तथा योग्य मतदातालाई सूचीमा कायम राख्नु रहेको जनाएको छ। आयोगले 'विदेशी अवैध आप्रवासी' लाई मतदानबाट रोक्नु पनि यसको उद्देश्य रहेको बताएको छ। आलोचकहरूले भने यसबाट सीमान्तकृत तथा अल्पसङ्ख्यक समुदाय असमान रूपमा प्रभावित भएको आरोप लगाएका छन्। आयोगले पछिल्लो एक वर्षमा भएका सबै निर्णय पूर्ण आयोगको सर्वसम्मत निर्णयबाट भएको स्पष्ट पारेको छ। यद्यपि दुई आयुक्तले आपत्ति जनाएका विशेष आदेश कसले स्वीकृत गरेको थियो भन्नेबारे आयोगले सार्वजनिक रूपमा स्पष्ट पारेको छैन। काङ्ग्रेस पार्टीका पवन खेराले दुई आयुक्तको जानकारी वा स्वीकृतिबिना एसआइआरसम्बन्धी निर्णय भएको पुष्टि भए त्यससँग सम्बन्धित निर्णय र सम्पूर्ण प्रक्रिया कानूनी रूपमा अवैध हुने दाबी गर्नुभयो। युवा नेतृत्वको कक्रोच जनता पार्टीले पनि कुमारले राजीनामा नदिए अक्टोबर २ देखि सडक आन्दोलन गर्ने चेतावनी दिएको छ।

### भारतमा बाढीपहिरोमा ६२ जनाको मृत्यु

लखनऊ, १२ असोज (रासस/एपी)।

भारतको उत्तरी राज्य उत्तर प्रदेशमा तीन दिनदेखिको भारी वर्षापछि आएको बाढीमा परी कम्तीमा ६२ जनाको मृत्यु भएको छ भने ४६ जना घाइते भएका छन्। बाढीका कारण एक हजारभन्दा बढी घरमा क्षति पुगेको राज्य सरकारले सोमबार जनाएको छ। भारी वर्षाले राज्यका विभिन्न जिल्लामा बाढी आएपछि राजधानी लखनऊसहित केही क्षेत्रमा सोमबार विद्यालय बन्द गरिएको छ। उद्धार टोलीले बाढी प्रभावित क्षेत्रबाट मानिसलाई सुरक्षित स्थानमा सारिरहेका छन्।

स्थानीय बासिन्दालाई जलमग्न क्षेत्रमा अनावश्यक यात्रा नगर्न तथा तीव्र गतिमा बग्ने नदी, खोला र नालाबाट टाढा रहन आग्रह गरिएको छ। लखनऊस्थित क्षेत्रीय मौसम विज्ञान केन्द्रका वरिष्ठ वैज्ञानिक अतुल कुमार सिंहका अनुसार बङ्गालको खाडीमा विकसित मौसम प्रणाली कमजोर हुँदै गएकाले सोमबारदेखि वर्षा कम हुने अपेक्षा गरिएको छ। उहाँका अनुसार मङ्गलबारसम्म राज्यका पूर्वी र पश्चिमी भागमा हल्का वर्षा भने जारी रहन सक्नेछ। बाढीको प्रभाव भारतको पूर्वी राज्य ओडिसामा पनि परेको छ। त्यहाँ ७५ हजारभन्दा बढी मानिसलाई बाढी प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएको अधिकारीहरूले बताएका छन्।

### इरानसँगको तनाव बढेपछि तेलको मूल्य बढ्यो, विश्व बजारमा दबाब

न्युयोर्क, १२ असोज (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले प्रस्ताव गरेको सातदिने युद्धविराम अस्वीकार गरेपछि सोमबार अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेको छ। तेलको मूल्यमा भएको वृद्धिसँगै विश्वव्यापी मुद्रास्फीति बढ्न सक्ने चिन्ता पनि बढेको छ। यसको असर विभिन्न देशका सेयर बजारमा समेत परेको छ। इरानले गत साता संयुक्त राष्ट्रसंघको महासभामा सातदिने युद्धविरामको प्रस्ताव अघि सारेको थियो। उक्त प्रस्ताव कार्यान्वयन भए होर्मुज जलडमरूमध्य पुनः खुल्ने र विश्वव्यापी ऊर्जा आपूर्तिमा देखिएको समस्या केही सहज हुने अपेक्षा गरिएको थियो। विश्वको महत्वपूर्ण ऊर्जा आपूर्ति मार्गका रूपमा रहेको होर्मुज जलडमरूमध्य अहिले अमेरिका र इरानबीचको तनावको महत्वपूर्ण विषय बनेको छ। ह्वाइट हाउस बाहिर सञ्चारकर्मीसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले इरानको प्रस्ताव स्वीकार गर्न नसकिने बताउनुभएको छ। यद्यपि, उहाँले अमेरिका र इरानबीच वार्ता पुनः सुरु हुन सक्ने संकेत दिनुभयो। अमेरिकी सञ्चारमाध्यमका अनुसार दुवै देशबीच अप्रत्यक्ष वार्ता सोमबारदेखि नै हुन सक्ने सम्भावना रहेको छ।

होर्मुज जलडमरूमध्य पुनः खोल्न इरानले केही सर्तहरू अघि सारेको छ। रोक्का गरिएका इरानी सम्पत्ति फुकुवा गर्नुपर्ने, इरानी तेलमाथिका प्रतिबन्ध हटाउनुपर्ने तथा अमेरिकी नौसैनिक नाकाबन्दी अन्त्य गर्नुपर्ने उसका प्रमुख माग रहेका छन्। युद्धविरामको प्रस्ताव सार्वजनिक भएपछि शुक्रबार दुई प्रतिशतभन्दा बढी घटेको कच्चा तेलको मूल्य सोमबार पुनः बढेको हो। अन्तर्राष्ट्रिय बजारमा उत्तर समुद्री कच्चा तेलको मूल्य १.८ प्रतिशत बढेर प्रतिब्यारेल १०६.१९ अमेरिकी डलर पुगेको छ। त्यस्तै, अमेरिकी पश्चिमी टेक्सास क्षेत्रको कच्चा तेलको मूल्य १ प्रतिशत बढेर प्रतिब्यारेल ९३.३४ डलर पुगेको छ। तेलको मूल्य बढेसँगै मुद्रास्फीति बढ्ने चिन्ता पनि पुनः बढेको छ। यसको प्रभाव एसियाली सेयर बजारमा देखिएको छ। लामो बिदापछि खुलेको दक्षिण कोरियाली बजार दुई प्रतिशतभन्दा बढी घटेको छ। जापानको टोकियो, चीनको सांघाई, फिलिपिन्सको मनिला, थाइल्यान्डको बैंकक र इन्डोनेसियाको जकार्ताका बजारमा पनि गिरावट आएको छ। यता हङकङ, अस्ट्रेलियाको सिड्नी, सिंगापुर र न्युजिल्यान्डको वेलिङ्टनका सेयर बजारमा भने वृद्धि देखिएको छ।

# विश्वमा अझै घातक बनिरहेको छ रेबिज

काठमाडौँ, १२ असोज (रासस)।

रेबिज घातक भएपनि रोकथाम गर्न सकिने रोग हो तर विश्वभर हरेक वर्ष अनुमानित ५९ हजार ९९० मानिसको रेबिजका कारण मृत्यु हुने गरेको छ। यसमध्ये ४७ प्रतिशत रेबिजबाट हुने मृत्यु दक्षिणपूर्वी एसियामा तथा ३२.५ प्रतिशत अफ्रिकी मुलुकमा हुने गरेको तथ्याङ्क छ। यसमा करिब ४० प्रतिशत १५ वर्षभन्दा कम उमेरका बालबालिका छन्। मानव रेबिजका करिब ९९ प्रतिशत घटनाहरु कुकुरसँग सम्बन्धित छन्।

हरेक वर्ष २८ सेप्टेम्बरमा विश्व रेबिज दिवस मनाइन्छ। यो दिवस रेबिजको रोकथाम, जनचेतना अभिवृद्धि तथा मानव र पशु स्वास्थ्यबीचको समन्वयलाई सुदृढ गर्दै रेबिज निवारणतर्फको प्रतिबद्धता दोहोऱ्याउने अवसरका रूपमा लिइन्छ। यो दिन लुइ पास्चरको स्मृति दिवससमेत हो। रेबिज विरुद्धको पहिलो सफल खोप विकासमा उहाँको महत्त्वपूर्ण योगदान रहेको थियो। यस वर्ष 'एकतामा शक्ति, रेबिजबाट मुक्ति' भन्ने सन्देशका साथ विश्व रेबिज दिवस मनाइएको छ।

**रेबिजबाट नेपालमा बर्सेनि १०० जनाको मृत्यु**

यसैगरी नेपालमा पनि रेबिज एक महत्त्वपूर्ण जनस्वास्थ्य समस्याका रूपमा रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा देशभर दुई लाख २३ हजार ५१० जनावरको टोकाइका घटनाहरु रिपोर्ट भएका छन्। तीमध्ये करिब ९६ प्रतिशत टोकाइ कुकुरबाट भएको छ।

नेपालमा हुने मानव रेबिजका करिब ९९ प्रतिशत घटना कुकुरको टोकाईसँग सम्बन्धित छन्। नेपालमा प्रत्येक वर्ष करिब १०० जनाको रेबिजका कारण मृत्यु हुने अनुमान रहेको स्वास्थ्य सेवा विभागअन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा अनुज भट्टचनले जानकारी दिनुभयो।

नेपालको करिब ५० प्रतिशत जनसङ्ख्या उच्च जोखिम क्षेत्रमा बसोबास गर्ने र बालबालिका विशेष जोखिममा रहने अवस्था छ। देशभर रेबिजसम्बन्धी सेवा विस्तार गर्दै क्रममा हाल २८६ वटा सेवा केन्द्रबाट रेबिज विरुद्धको खोप सेवा उपलब्ध गराइएको उहाँले बताउनुभयो।

**जनावरले टोकेमा वा चिथोरेमा उपचारमा ढिलाइ गर्नुहुँदैन**

"कुकुर, बिरालो वा अन्य सम्भावित रेबिज सङ्क्रमित जनावरले टोकेमा वा चिथोरेमा घटनालाई सामान्य ठानेर उपचारमा ढिलाइ गर्नु हुँदैन", निर्देशक डा भट्टचनले भन्नुभयो, "यस्तो अवस्थामा घाउलाई साबुन र बगिरहेको पानीले कम्तीमा १५ मिनेटसम्म राम्ररी धुनुपर्छ र घाउमा खुर्सानी, तेल, माटो, जडीबुटी वा अन्य कुनै घरेलु पदार्थ लगाउनुहुँदैन।"

त्यसपछि सम्भव भएसम्म तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा गई स्वास्थ्यकर्मीको सल्लाहअनुसार उपचार तथा खोप सुरु गर्नुपर्ने र स्वास्थ्यकर्मीले. दिएको सल्लाहअनुसार उपचारको निर्धारित प्रक्रिया पूरा गर्नुपर्ने निर्देशक डा भट्टचनको भनाइ छ। जनावरको टोकाइलाई सानो घाउ भन्दै बेवास्ता गर्न नहुने र रेबिजको लक्षण देखिएपछि सत प्रतिशत घातक हुने भएकाले लक्षण पर्खन नहुने महाशाखाले जनाएको छ।

"जनावरले टोकेपछि समयमै उचित उपचार लिनु नै रेबिजबाट हुने मृत्यु रोक्ने प्रमुख उपाय हो", उहाँले भन्नुभयो।

मानवमा हुने रेबिजको ठूलो हिस्सा कुकुरबाट सर्ने भएकाले कुकुरलाई नियमित रूपमा रेबिज विरुद्धको खोप लगाउने, जिम्मेवार पशुपालन गर्ने तथा कुकुरको जनसङ्ख्या व्यवस्थापनमा ध्यान दिने कार्य रेबिज रोकथामका महत्त्वपूर्ण उपाय हुन्। रेबिज नियन्त्रणका लागि नेपालले एक स्वास्थ्य अवधारणालाई प्राथमिकतामा राख्दै मानव स्वास्थ्य, पशु स्वास्थ्य, वन्यजन्तु, वातावरण, स्थानीय तह तथा समुदायबीचको समन्वयलाई अघि बढाइरहेको छ। रेबिज निवारण उन्मूलन स्वास्थ्य क्षेत्रको मात्र जिम्मेवारी नभई सबै सम्बन्धित क्षेत्रको साझा प्रयासबाट सम्भव हुने विषय हो।

**सन् २०३० सम्म कुकुरबाट हुने रेबिज मृत्यु शून्य बनाउने लक्ष्य**

नेपालले २०३० सम्म कुकुरबाट सर्ने रेबिजका कारण हुने मानव मृत्यु शून्य बनाउने लक्ष्य लिएको छ। यो लक्ष्य प्राप्तिका लागि रेबिज निगरानी तथा प्रयोगशाला प्रणाली सुदृढीकरण, कुकुरको सामूहिक खोप, कुकुरको जनसङ्ख्या व्यवस्थापन, रेबिजविरुद्धको उपचारमा पहुँच सुधार तथा समुदायमा जनचेतना अभिवृद्धि लगायतका रणनीतिक कार्यहरू अघि बढाइएका छन्।

महाशाखाका अनुसार रेबिज निवारणका लागि नेपालका सातै प्रदेशमा रेबिज निवारण रणनीति तथा रोडम्याप विकास, उच्च जोखिम क्षेत्रमा समुदायमा आधारित जनचेतना तथा मानव र पशु स्वास्थ्य क्षेत्रबीचको समन्वयलाई प्राथमिकता दिइएको छ।

रेबिज रोकथाममा समुदायको भूमिका महत्त्वपूर्ण घरपालुवा कुकुर तथा बिरालोलाई नियमित खोप लगाउने, बालबालिकालाई जनावरसँग सुरक्षित व्यवहार गर्न सिकाउने, जनावरको टोकाइ वा चिथोराइपछि तत्काल स्वास्थ्य संस्थामा पुग्ने र समुदायमा रेबिजसम्बन्धी सही जानकारी फैलाउने कार्यले रेबिज रोकथाममा महत्त्वपूर्ण योगदान पु-याउने महाशाखाले सोमबार जारी गरेको सन्देशमा उल्लेख छ।

## त्रिविद्वारा अध्ययन ...

करिब रु १६ करोड ५० लाख असुलउपर भइसकेको छ।

त्रिविले अध्ययन बिदापछि सेवामा नफर्किएका तथा फर्किएर तोकिएको सेवा अवधि पूरा नगरेका शिक्षक तथा कर्मचारीबाट रकम असुलउपर गर्ने तथा अध्ययन बिदाका क्रममा विश्वविद्यालयबाट प्राप्त तलब, भत्ता तथा अन्य सुविधामा नियमानुसार हर्जानासमेत जोडेर रकम असुल गर्ने प्रक्रिया अघि बढाइएको जनाएको हो।

त्यस्तै, थप अवस्थाहरूको हिसाबकिताब तयार गर्ने तथा अभिलेख खोजी गर्ने काम भइरहेको विश्वविद्यालयले जनाएको छ। उपलब्ध विवरणअनुसार हिसाबकिताब भएका अवस्थामा करिब रु २१ करोड ५० लाख रकम रहेको उल्लेख छ। विश्वविद्यालयका अनुसार सम्पर्कमा आएका शिक्षक तथा कर्मचारीका व्यक्तिगत अभिलेख खोजी तथा अध्ययन गर्ने काम भइरहेको छ। त्यस्ता व्यक्तिबाट विश्वविद्यालयलाई बुझाउनुपर्ने रकम असुलउपर गर्ने प्रक्रिया पनि जारी रहेको छ।

त्रिविले अध्ययन बिदा उपभोग गरेपछि नियमअनुसार सेवामा नफर्किएका वा तोकिएको अवधि पूरा नगरेका शिक्षक तथा कर्मचारीलाई आगामी पुस मसान्तभित्र रजिष्ट्रारको कार्यालयमा सम्पर्क गर्न आग्रह गरेको छ। उहाँहरूले कतगमथबिबखभरतग.भमग.लउ मार्फत पनि सम्पर्क गर्न सक्ने विश्वविद्यालयले जनाएको छ।

तोकिएको अवधिभित्र सम्पर्क नगरेमा विश्वविद्यालयसँग गरिएको कबुलियतनामा तथा प्रचलित विश्वविद्यालय नियमअनुसार कानुनी कारबाही अघि बढाइने त्रिविले स्पष्ट पारेको छ।

## मधेस प्रदेशको ...

सुधार गर्नुपर्ने विभिन्न पक्षसमेत औँल्याएको छ। राजस्व तथा खर्चको वास्तविक उपलब्धि न्यून हुनु, बजेट निर्माण तथा सार्वजनिक लगानी योजनामा सीमित सार्वजनिक परामर्श हुनु, बजेटबाहिरका निकायको वित्तीय अनुगमन पर्याप्त नहुनु तथा सेवा प्रवाहसम्बन्धी सूचना सीमित हुनु प्रमुख कमजोरीका रूपमा देखिएका छन्।

सार्वजनिक लगानी व्यवस्थापन कमजोर रहेको, कर जोखिम व्यवस्थापन तथा पारिश्रमिक नियन्त्रणमा कमजोरी रहेको, सार्वजनिक खरिदको अनुगमन खण्डीकृत रहेको र लेखापरीक्षण प्रतिवेदनमाथि प्रदेशसभाबाट समीक्षा हुन ढिलाइ हुने गरेको प्रतिवेदनमा उल्लेख छ।

पेफा मूल्याङ्कन प्रतिवेदनलाई सार्वजनिक वित्त व्यवस्थापन सुधारका लागि आधारभूत दस्तावेजका रूपमा प्रयोग गर्ने प्रदेश सरकारले जनाएको छ। प्रतिवेदनले सुधारका प्राथमिकता पहिचान गरी प्राथमिकताक्रम र चरणबद्ध रूपमा सार्वजनिक वित्त व्यवस्थापन सुधार कार्यक्रम विकास गर्न आधार प्रदान गर्ने अपेक्षा गरिएको छ।

प्रदेश सरकारले प्रतिवेदनका निष्कर्षका आधारमा वित्तीय अनुशासन सुदृढ गर्ने, बजेटको विश्वसनीयता बढाउने, सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने तथा सार्वजनिक स्रोतको प्रयोगमा 'भ्यालु फर मनी' अर्थात् खर्चअनुसार अधिकतम प्रतिफल सुनिश्चित गर्ने लक्ष्य लिएको छ।

बस्मधेस प्रदेशको अर्थ मन्त्रालयको नेतृत्वमा तयार गरिएको मूल्याङ्कन प्रक्रियामा एडीबीको सहयोग तथा नेपाल सरकारको अर्थ मन्त्रालयअन्तर्गतको वित्तीय सङ्घीयता समन्वय महाशाखासँग समन्वय गरिएको थियो। अमेरिकी अन्तरराष्ट्रिय विकास नियोग (यूएसएआईडी)ले पनि सन् २०२५ जनवरीसम्म मूल्याङ्कन प्रक्रियामा सहयोग गरेको थियो।

# बिपी कोइराला क्यान्सर अस्पताल : एक वर्षमा दुई लाख बढीलाई सेवा

चितवन, १२ असोज (रासस)।

यहाँको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले एक वर्षमा बहिरङ्ग (ओपिडी) मा दुई लाख १२ हजार ९७७ जनालाई सेवा दिएको छ। ती बिरामीमध्ये २७ हजार २४३ नयाँ बिरामी हुन् भने बाँकी पुनः परीक्षणका लागि आएका बिरामी हुन्।

अस्पतालले आफ्नो वार्षिकोत्सव एवं राष्ट्रिय क्यान्सर सतर्कता दिवसका अवसरमा हरेक वर्ष असोज १० गते यो तथ्याङ्क सार्वजनिक गर्ने गर्दछ। अस्पतालका डा सुशील अधिकारीका अनुसार सन् २०२५ मा आएका बिरामीमध्ये ६ हजार ८५८ जना क्यान्सरका नयाँ बिरामी पत्ता लागेका छन्।

सन् २०२४ मा दुई लाख चार हजार ९७१ जना बिरामीले बहिरङ्ग सेवा लिएका थिए। उनीहरूमध्ये ३१ हजार ५६० नयाँ रहेका थिए। सो वर्ष सात हजार नौ जना नयाँ क्यान्सरका बिरामी पत्ता लागेको डा अधिकारीको भनाइ छ।

सन् २०२५ मा अस्पतालको आकस्मिक विभागबाट २६ हजार १२६ जनाले सेवा लिएको जानकारी दिँदै डा अधिकारीले ११ हजार ५५९ जना बिरामीले अन्तरङ्ग (भर्ना भएर) सेवा लिएको बताउनुभयो। अस्पतालमा सोही अवधिमा ठूला तीन हजार ९१ शल्यक्रिया गरिएको छ।

सन् २०२४ मा आकस्मिक कक्षबाट ३० हजार ८०१ जनाले सेवा लिएका थिए भने १२ हजार ४७ जना भर्ना भएर सेवा लिएको उहाँले जानकारी दिनुभयो। सो वर्ष तीन हजार १६९ ठूला शल्यक्रिया (मेजर अप्रेसन) गरिएको, २७ हजार ४९३ जनाले 'डे केयर' सेवा लिएको अस्पतालको तथ्याङ्क रहेका छन्।

सन् २०२५ मा अस्पतालमा विकीरण प्रविधि (सेकाई) बाट उपचार गराउनेको सङ्ख्या दुई हजार ९७० छ भने डे केयरमा भर्ना भएर 'केमो थेरापी' लिनेको सङ्ख्या २६ हजार ४७२ रहेको उहाँको भनाइ छ।

एक वर्षको अवधिमा ११ हजार बढी विपन्न बिरामीको निःशुल्क उपचार पाएका छन्। अस्पतालले सन् २०२५ मा १० हजार ९२० जना विपन्नको निःशुल्क उपचार गरेको छ। अस्पतालका निमित्त कार्यकारी निर्देशक डा उमेश नेपालका अनुसार विपन्नको उपचारबापत रु ४३ करोड १२ लाख १४ हजार १६१.१६ बिरामीले छुट पाएका छन्।

यसैगरी क्यान्सर सेवा समाजमार्फत १७६ जनाले छुट पाएका छन्। सो बापत बिरामीले रु १५ लाख ७३ हजार १४५ छुट पाएका हुन्।

सन् २०२४ मा नौ हजार ११२ जनाले विपन्न सेवा पाएका थिए। त्यसबापत उनीहरूले रु ३५ करोड ५८ लाख २२ हजार २०६.९५ छुट पाएका थिए। सो वर्ष क्यान्सर सेवा समाजमार्फत २१५ जनाले रु १३ लाख ९० हजार ३६४ छुट पाएको उहाँले जानकारी दिनुभयो।

पाँच सय शय्याको अस्पतालमा आइसियु, एचडियु र क्याबिन बाहेकका सम्पूर्ण जनरल बेडहरू निःशुल्क दिँदै आएको डा नेपालले बताउनुभयो। अस्पतालमा भर्ना भएर उपचार गर्ने बिरामीलाई दुई छाक खाना र एक छाक नास्ता अस्पतालले निःशुल्क उपलब्ध गराउँदै आएको डा नेपालको भनाइ छ।

अस्पतालमा ७१८ कर्मचारी रहेका छन्। तीमध्ये एक सय जना चिकित्सक हुन् भने २९५ जना नर्स रहेका छन्।

सरकारबाट स्वायत्त संस्थाका रूपमा विसं २०५३ मा ऐनमार्फत उपचार, अनुसन्धान, निवारण रोकथामको उद्देश्यले अस्पताल स्थापना भएको हो। चीन सरकारले निर्माण गरेको यस अस्पताल सुरुमा एक सय शय्या रहेकामा अहिले ५०० शय्याको भएको छ। यहाँ नेपालभर र भारतबाट पनि बिरामी उपचारका लागि आउने गर्दछन्।

# वीरगन्जको मुख्य सडकको विद्युत् तार भूमिगत गर्न माग

**दैनिक समाचारदाता**
**पर्सा, १२ असोज।**

वीरगन्ज महानगरपालिकाले वीरगन्जको मुख्य सडकको विद्युत् तार भूमिगत गर्न माग गरेको छ।

महानगर प्रमुख राजेशमान सिंहले भूमिगत विद्युत् प्रणाली निर्माणका लागि आवश्यक बजेट व्यवस्था गर्न आग्रह गर्दै सडक डिभिजन कार्यालय, हेटौँडाका प्रमुख किरण कार्कीलाई सोमबार मागपत्र बुझाएका छन्।

मुख्य सडक विस्तारपछि पुनः ओभरहेड प्रणालीबाट विद्युत् तार राख्दा भविष्यमा सडक मर्मत, विस्तार, यातायात व्यवस्थापन तथा सहरी सौन्दर्यीकरणमा समस्या आउन सक्ने भन्दै महानगरले सडक विस्तारकै क्रममा विद्युत् तार भूमिगत गर्न माग गरेको हो।

सोही अवसरमा महानगर प्रमुख सिंहले त्रिभुवन राजपथअन्तर्गत गण्डक-घण्टाघर-भन्सार सडकखण्ड विस्तारको काम अघि बढिरहेका बेला विद्युत् पोल तथा तारको व्यवस्थापनसमेत दीर्घकालीन रूपमा गर्नुपर्ने बताए।

यसअघि पनि महानगरप्रमुख सिंहले वीरगन्जको मुख्य सडकको विद्युत् तार भूमिगत गर्न माग गर्दै आवश्यक बजेट तत्काल विनियोजन गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग माग गर्दै पत्राचार गरेका थिए।

# दुर्गा प्रसाईलाई तीन दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति

काठमाडौँ, १२ असोज (रासस)।

साइबर अपराधसम्बन्धी विषयमा पक्राउ परेका मेडिकल व्यवसायी दुर्गा प्रसाईँलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न काठमाडौँ जिल्ला अदालतले प्रहरीलाई अनुमति दिएको छ।

नेपाल प्रहरीको साइबर ब्यूरोका प्रवक्ता एवं प्रहरी उपरीक्षक दिलीपकुमार गिरीले प्रसाईँलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न अदालतबाट अनुमति प्राप्त भएको जानकारी दिनुभयो।

साइबर अपराधसम्बन्धी विषयमा अनुसन्धानका लागि ब्यूरोको टोलीले सोमबार दिउँसो प्रसाईँलाई भक्तपुरस्थित निवासबाट पक्राउ गरेको थियो। पक्राउ परेका प्रसाईँमाथि साइबर अपराधसम्बन्धी विषयमा थप अनुसन्धान भइरहेको ब्यूरोले जनाएको छ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*